# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फर्छ्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता व्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

## संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्याः ०७५।७६ मितिः २०७५।१२।०८
च.नं :

श्री प्रमुखज्यू,
वित्थडचिर गाउँपालिका,
बझाङ ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट वित्थडचिर गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.४९ लाख ३३ हजार बेरुजू देखिएको छ । सोमध्ये रहेको छ असुल गर्नुपर्ने रु.४८ हजार, नियमित गर्नुपर्ने रु.३९ लाख ९३ हजार र प्रमाण कागजात पेश गर्नुपर्ने रु.८ लाख ९२ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता तयार गर्दा नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।५।२३ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजू फछ्र्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना ८ यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# वित्थडचिर गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन
# ०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धति सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यास संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उदेश्यले गाउँपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वय प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरिय सेवा प्रदान गर्नु गाउँपालिकाको उदेश्य रहेको छ । यो गाउँलीका अर्न्तगत ९ वडा रहेको छ ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालीकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आयव्यय हिसाव सहितको आर्थिक वर्ष २०७४।०७५ को संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| | **आयतर्फ** | | | **सि.नं.** | **व्ययतर्फ** | | |
|---|---|---|---|---|---|---|---|
| **सि.नं.** | **विवरण** | **रकम** | **रकम** | | **विवरण** | **रकम** | **रकम** |
| १ | **गत वर्षको जिम्मेवारी** | | | १ | **चालु खर्च** | १४५७९०४१८.७ | |
| | क) नगद | | | २ | **पूँजीगत खर्च** | ११४१४२९५९ | |
| | ख) बैंक | ६४१२४७८ | | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | ८८२२७१.२५ | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | | | ४ | **लगानी** | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | | | ऋण लगानी | | |
| | क)वित्तीय समानीकरण अनुदान | ८८४०६००० | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | १५३०६६००० | | | अन्य लगानी | | |
| | ग) सामाजिक सुरक्षा | ४१६८३००० | | ५ | **धरौटी फिर्ता** | २२३२०० | |
| | घ) विशेष अनुदान | २१९४००० | | ६ | **कोष खर्च** | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | ७ | **मौज्दात** | | |
| | क)वित्तीय समानीकरण अनुदान | | | | क) नगद मौज्दात | | |
| | ख) सशर्त अनुदान | | | | ख) बैंक मौज्दात | ४४७२१०३१.६५ | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | | | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | | | | | |
| ६ | **विभिन्न कोषतर्फको आय** | | | | | | |
| ८ | **जनसहभागिता (नगद)** | | | | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | | | | | | |
| १० | **धरौटी आय** | ३०८७०० | | | | | |
| ११ | **लगानीको साँवा फिर्ता** | | | | | | |
| १२ | **आय हिसाव मिलान बांकी** | ११९२५१६०.१० | | | | | |
| | **जम्मा** | ३०४८७७६०९.४० | | | **जम्मा** | ३०४८७७६०९.४० | |

| बेरुजु दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | **दाखिला :** लेखापरीक्षण अवधिमा देहाय अनुसारको रु. **२६,४३,९७५.००** बेरुजु खाता १५१११ मा दाखिला भएको छ ।<br>**विवरण** — **दाखिला (रु)**<br>विल विजक नभएको — २१५७५.००<br>सामाजिक सुरक्षाको बाँकी — २६२२४००.००<br>**जम्मा** — **२६४३९७५.००** | |
| १. | **खर्च गर्ने अख्तियारी :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले कार्यक्रम स्वीकृत गर्ने र अख्तियारी प्रदान गर्ने सम्वन्धमा उक्त व्यवस्थाको पालना गरी वित्तिय जवाफदेहिता सुदृढ गर्नुपर्ने देखिएको छ । | |
| २. | **वजेट पेश गर्ने तथा पारित गर्ने:** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्थालाई पालना गरी समयमानै निर्माण तथा सेवा प्रवाह सम्वन्धि कार्यलाई व्यवस्थीत गर्नुपर्ने देखिएको छ । | |
| ३. | **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये  अधिकांस आयोजनाको उपर्युक्त नियमको अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण पेश गरेको देखिएन । | |
| ४. | **चौमासिक खर्च:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम  २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा रु. ११,४१,४२,९५९.०० पूजीगत खर्च मध्ये  ५० प्रतिशत भन्दा बढी खर्च तेश्रो चौमाशिकमा गरेको देखिएको छ । यस मध्ये पनि आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । यस्तो अवस्थामा सुधार गरी खर्च प्रणाली व्यवस्थित गर्नुपर्ने देखिएको छ । | |
| ५. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा  ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा गाउँपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ  । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउँपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| ६. | **कर्मचमरी व्यवस्था** : निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपूर्ती र व्यवस्थापन गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकामा अधिकृत स्तर देखि कार्यालय सहयोगी सम्म २ जना स्थायी र २ जना करारमा गरी ४ जना प्राविधिक र ७ जना अप्राविधिक कर्मचारी | |

| | | |
|---|---|---|
| | कार्यरत रहेको तथा ५ जना कार्यालय सहयोगी करारमा रहेको देखियो । थौरै वजेटका स–साना कार्यक्रम ठुलो संख्यामा सञ्चालन हुने र अधिकांश कार्यक्रम निर्माणकार्य संग सम्बन्धित देखिएकोमा फिल्डमा खटिने प्राविधिक कर्मचारीमा कामको बोझ अत्याधिक हुने देखिएको छ । साथै गाभिएर आएका कार्यालयका कर्मचारीको दरबन्दी रहने स्थान यकिन भइ नसक्दा गाउँपालिकाको स्थिर दरबन्दी कायम हुन सकेको समेत देखिएन । यस्तो अवस्थामा सुधार हुने गरी जनशक्ति व्यवस्थापन गर्नुपर्ने देखिएको छ । | |
| ७. | **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सामाजिक सुरक्षा कार्यक्रमको अभिलेख आंशिक रुपमा राखेको भएपनि बेरुजुको लगत अद्यावधिक गरेको छैन । सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत वितरण गरेको भत्ताको अधिकांश भरपाईमा औंठाछाप मात्र लगाई बुझेको देखिएकोमा सम्वन्धित जिम्मेवार पदाधिकारीले वास्तविक वितरणको अवस्था यकिन गर्नुपर्ने देखिएको छ । समयोजन भई आएका साविकका गा.वि.स. र विषयगत कार्यालयबाट हस्तान्तरण भई आएका जिन्सीको अवस्था देखिने गरी विवरण तयार नहुनाका साथै जिन्सी बरबुझारथको अभिलेख राखेको देखिएन ।<br>त्यस्तै कार्यालयको स्वामित्वमा रहेका सवारी साधनको वार्षिक वीमा गरेको देखिएन । यसले स्थिर सम्पत्तिको संरक्षणको सम्बन्धमा जोखिम बढाएको छ । जिन्सी सामानको अभिलेख तथा संरक्षण व्यवस्था समेत सुदृढ गर्नुपर्ने देखिएको छ ।<br>साथै कार्यालयले भुक्तानी गरेको कतिपय विल भरपाईको भौचर खडा गर्दा कर कट्टी गरी भुक्तानी गर्नुपर्ने रकममा समेत कर कट्टी गरेको देखिएन । उक्त भुक्तानी यकिन गरी कर कट्टी  गरेर मात्र भुक्तानी गर्ने व्यवस्थालाई सुदृढ गर्नुपर्ने देखिएको छ ।<br>गाउँपालिका अन्तरगतका विद्यालयहरुले शिक्षक कर्मचारीको तलवको चौमाशिक माग फारम पठाउने र पालिकाले एकमुष्ट निकाशा दिने गरेको पाइयो । शिक्षक तथा कर्मचारीलाई निकाशा रकममबाट तलब भक्ता वितरण गरिसके पछि कट्टी गरिएका रकमहरु जस्तै क. सं. कोष, ना. ल. कोष, सा. सु. कर, सावधिक जिवन विमा, पारिश्रमिक कर आदि सम्बन्धित शिक्षक कर्मचारीको नाममा सम्बन्धित खातामा दाखिला गरेको प्रमाण आंशिक रुपमा मात्र पेश भएको छ । दाखिला प्रमाण पेश नहुदा सम्बन्धित शिक्षक कर्मचारीको नाममा उक्त रकम जम्मा भए नभएको यकिन गर्न सकिएन । | |
| ८. | **सम्पत्ति लेखांकन :** गाउँपालिका र अन्तरगतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गरेको छैन । कूल मूल्य खुल्नेगरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकनलाई सुदृढ गर्नुपर्ने देखिएको छ । | |
| ९. | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) घ मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत संभार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेकोमा गाउँपालिकाले उपभोक्ता समितिसँग गरेको अधिकांश सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन । साथै नियम ९७ (७) मा उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र काम कारबाहीको सम्बन्धमा सार्वजनिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार अधिकांश योजनाहरुमा सार्वजनिक लेखापरीक्षण गरेको देखिएन । उपभोक्ता समितिले विभिन्न आपूर्तिकर्ताबाट सामान तथा सेवा खरिद गर्दा अग्रिम आयकर कट्टी गरेको समेत पाइएन । उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्ने उक्त प्रावधानको पूर्णतः पालना गर्नुपर्ने देखिएको छ । | |
| १०. | **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०६९ को १९ (२) मा सामाजिक सुरक्षा पाउनेको नामावली अनुसूची १३ अनुसारको ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । गा.वि.स. तथा गाउँपालिकाले उक्त व्यवस्थाको पालना गरेको देखिएन । साथै सामाजिक सुरक्षा भत्ता पाउनेको विवरण वेभसाइटमा राख्नु पर्ने र यस सम्बन्धी सूचना एफ.एम. मा प्रचार प्रसार गर्नुपर्नेमा गरेको देखिएन । गाउँपालिकाका वडाहरुले वितरण गरेको देहायअनुसारको रु. **३,३२,३१** हजार सामाजिक सुरक्षा भत्ता वितरण गर्दा सो व्यवस्थाको आंशिक रुपमा मात्र पालना गरेको देखियो । कार्यविधिमा उल्लेखित प्रावधान पालना गरी | |

सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली व्यवस्थित गर्नुपर्ने देखिएको छ।

| वडा नं | सामाजिक सुरक्षा रकम | | | जम्मा |
|---|---|---|---|---|
| | प्रथम चौमाशिक | दोश्रो चौमाशिक | तेश्रो चौमाशिक | |
| १. | १५५२ | १६९३ | १७२२ | ० |
| २. | १२६८ | १३८४ | १३८४ | ४०३६ |
| ३. | ७७७ | ८८४ | ८५० | २५११ |
| ४. | १३११ | १३७९ | १३६२ | ४०५२ |
| ५. | १०३० | ११०१ | ११११ | ३२४२ |
| ६. | ६५६० | १४१० | १३७७ | ९३४७ |
| ७. | ० | १४४४ | १४२१ | २८६५ |
| ८. | ० | ७९७ | ७५४ | १५५१ |
| ९. | ० | २८२७ | २८०० | ५६२७ |
| **जम्मा** | **१२४९८** | **१२९१९** | **१२७८१** | **३३२३१** |

वडा नं. ४ र ५ को सामाजिक सुरक्षा भत्ता वितरण भई बांकी देखिएको रु. ३६,०००.०० वडा सचिव श्री नरेन्द्रराज जोशीको नाममा बांकी देखिएकोले बेरुजु खातामा दाखिला हुनुपर्दछ। ३६,०००.००

**पञ्जिकरण अभिलेख :** गाउँपालिकाले सम्बन्धित वडा सचिवले उपलब्ध गराएको विवरणका आधारमा पेश्कीको रुपमा निकाशा दिई प्राप्त भरपाई फाँटवारीको आधारमा पेश्की फछ्र्यौट गरेको पाइयो। पञ्जिकरण अभिलेख अद्यावधिक भए नभएको परिक्षण गर्नको लागि मृत्यु दर्ता अभिलेख रजिस्टर माग गरिएकोमा लेखापरीक्षणको लागि पेश हुन आएन। मृत्यु दर्ता अभिलेख पेश हुन नआएकोले मृत्यु भईसकेका लाभग्राहीको नाममा रकम निकाशा एवं वितरण भए नभएको यकिन गर्न सकिएन।

११. **नीतिगत व्यवस्था :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा गाउँपालिकाले अधिकार क्षेत्रभित्रका विषयमा वनाएको ऐनको अधिनमा रहि निर्देशिका र कार्यविधि बनाउन सक्ने, उक्त कानुन स्थानीय राजपत्रमा प्रकाशन गर्नुपर्ने साथै प्रदेश सरकार र नेपाल सरकारमा पठाउनुपर्ने व्यवस्था छ। त्यस्तै स्थानीय राजपत्रमा प्रकाशन नभएसम्म त्यस्तो कानुन लागु नहुने समेतको व्यवस्था रहेको छ। कार्यालयले देहाय अनुसारका नीतिगत व्यवस्था गरी खर्च गरेकोमा ती नीतिगत व्यवस्था राजपत्रमा प्रकाशन गरेको छैन। राजपत्रमा प्रकाशन नभई र प्रदेश सरकार र नेपाल सरकारमा नपठाईएको निर्देशिका तथा पटके निर्णयमा आधारित भई दिर्घकालिन आर्थिक दायित्व श्रृजना हुने गरी गरेको खर्च नियमित देखिएको छैन।

११.१ प्राविधिक कर्मचारीको फिल्ड सुविधा सम्बन्धि निर्णय गाउँपालिका बाट स्वीकृत गरी सिभिल तर्फका प्रविधिक कर्मचारीलाई मासिक रु. २०,०००.०० फिल्ड सुविधा उपलब्ध गराउने व्यवस्था गरी यस वर्ष १ सव इन्जिनियरलाई साविकको तलव भत्ताको अतिरिक्त ८ महिनाको रु. १,६०,०००.०० फिल्ड सुविधा भुक्तानी गरेको देखियो। फिल्ड गएको दिनको दैनिक भ्रमण भत्ता समेत प्रदान गरेको अवस्थामा दोहरो हुने गरी केही कर्मचारीको मात्र सुविधा वृद्धि गर्ने गरी भुक्तानी गर्दा अन्य कर्मचारीको उत्प्रेरणामा असर गर्ने र अन्य कार्यालयका सोही अनुसार काम गर्ने कर्मचारी भन्दा वढि सुविधा प्रदान गर्ने गरी निर्णय गर्दा तलव तथा पारिश्रमिक निर्धारणको समान कार्यको लागि समान तलव (Equal pay for equal job) को सिद्धान्त प्रतिकुल निर्णय भएको देखिएको छ । यस्तो प्रवृत्तिमा सुधार हुनुपर्दछ।

१२. **खरिद व्यवस्थापन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिश्पर्धा सीमित हुने गरी टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ। नमूनाका आधारमा छनौट गर्दा कार्यालयले निम्न अनुसारका रु. **३९९३१०१.००** का सामान पटक पटक गरी खरिद गरेको देखिएको छ। वार्षिक कार्यक्रम स्वीकृत भएको र बजेटको समेत व्यवस्थापन भएको अवस्थामा ऐनले निर्धारण गरेको विधि र प्रकृया अवलम्वन गरी प्रतिस्पर्धि तरिकावाट खरिद गर्नुपर्ने देखिएको छ। ३९९३१०१.००

| क्र.सं. | शिर्षक | गो.भौ नं. | कार्य | सप्लायर्सको नाम | रकम |
|---|---|---|---|---|---|
| **१.** | पूजीगत | २४२/०७५/०३/०७ | ल्यापटप, प्रिन्टर | | ४९००००.०० |
| २. | पूजीगत | ३०६/०७५/०३/१९ | औषधी खरिद | अनुष फर्मेशी कैलाली | ३१८८६७.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | पूजीगत | ३३३/०७५/०३/२५ | फर्निचर तथा फिक्सचर्स १३ प्रकारका १३८ सामान | निर्जला फर्निचर उद्योग प्रा.ली. धनगढी | १९९६७००.०० |
| ४. | पूजीगत | ३५४/०७५/०३/२५ | सोलार टि.भि. लगायत | न्यू सोलार उर्जा सप्लायर्स धनगडी | ९७५००.०० |
| ५. | RCIW | ४८/०७५/०३/३१ | जि पि एस लगायत इन्जिनियरिङ सामान | उग्रतारा ट्रेडिङ हाउस धनगडी | ४९९८५५.०० |
| ६. | LGDCP | ३/०७५/०३/०७ | ल्यापटप प्रिन्टर लगायत | दिपेश इन्फोसिस, कैलाली | ३९३८००.०० |
| ७. | | ४/०७५/०३/२५ | जेनेरेटर | कविर ट्रेड एण्ड सप्लार्यस् कैलाली | १९६३७९.०० |
| | | | | **जम्मा** | **३९९३१०१.००** |

साथै खरिद कार्यमा प्रयोग हुने माग फाराम, खरिद आदेश, दाखिला प्रतिवेदन लगायतका कागजातहरु पूर्ण रुपमा तयार नगरी खरिद गरेको देखिएकोले यसमा सुधार हुनुपर्दछ ।

१३. **सवारी साधन :** कार्यालयले यस आर्थिक वर्षमा देहाय अनुसार रु.८,९२,०००.०० का ४ थान मोटरसाइकाल खरिद गरेको देखियो । उक्त मोटरसकइकलमा सरकारी नम्वर प्लेट नलगाई निजी नम्वर प्लेट राखी चलाएको देखिएकोले सरकारी सवारी साधनको रुपमा दर्ता गरी सेतो प्लेटको नम्वर कायम गरेको प्रमाण पेश हुनुपर्दछ । ८९२०००.००

| क्र.सं. | सवारी साधन | खरिद मुल्य | ब्राण्ड | जि.खा.पा.नं. |
|---|---|---|---|---|
| १ | ना ५४ प ६६०८ | २३७०००.०० | हिरो एक्सट्रिम | ४९ |
| २ | बा ९१ प ७८५६ | २३७०००.०० | हिरो एक्सट्रिम | ५० |
| ३ | बा ५५ प ५४७९ | २३७०००.०० | हिरो एक्सट्रिम | ५१ |
| ४ | लु ४० प २९०१ | १८१०००.०० | हिरो हर्नेट | ५२ |
| | **जम्मा** | **८९२०००.००** | | |

१४. **नापी किताव** : निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढांचाको नापी किताब (म.ले.प.फा.नं. १७१) मा उल्लेख गर्नुपर्ने गरि महालेखापरीक्षकबाट स्वीकृत गराइ महालेखा नियन्त्रक कार्यालयले लागु गरेको छ । उक्त किताबमा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख गरी नापजाँच गर्ने, सिफारिस गर्ने र स्वीकृत गर्ने कर्मचारीको पद, नाम, हस्ताक्षर र मिति समेत उल्लेख हुनुपर्ने व्यबस्था रहेकोमा कार्यालयले तयार गरेको नापी किताबमा अधिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख गरी राख्ने गरेको नदेखिएकोले खर्च भएको वास्तविक परिमाण र रकम तथा बांकी परिमाण र रकमको अवस्था एकिन गर्न सकिने आधार देखिएन ।

१५. **रसिद नियन्त्रण खाता :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १० मा राजस्व आम्दानीको लेखा महालेखापरीक्षकको कार्यालयबाट तोकिएको ढांचामा अद्यावधिक गरी राख्नुपर्ने र लेखा संग भिडान हुने प्रमाण कागजात सिलसिलेवार रुपमा राख्नुपर्ने उल्लेख छ । साथै आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६ मा अन्तिम लेखापरीक्षण हुदा सरकारी नगदीको लगत कार्यालय प्रमुखले अद्यावधिक गर्न लगाउने तथा हानी नोक्सानी हुन गएको भए अशुल उपर गराउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले रसिद नियन्त्रण खाता अद्यावधिक गरेको नदेखिएकोले रसिद बाट भएको आम्दानीको अवस्था यकिन हुन सकेन । यस वर्ष रु. ८,८२,२७१.२५ राजस्वा आम्दानी भई दाखिला भएको देखिएकोमा उक्त आम्दानीमा केही नगदी रसिदको आम्दानी समावेश भएको देखिएन । ती नगदी रसिद संकलन गरी त्यसबाट भएको आय यकिन गरी राजस्व दाखिला गराउनुपर्ने देखिएको छ ।

१६. **योजना व्यवस्थापन :** वार्षिक गाउं विकास योजना २०७४।७५ को अध्ययन गर्दा गाउंपालीकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून वजेट भएका र छरिएका देखिएको छ । गाउंपालिकाले देहाय अनुसार भौतिक पूर्वाधार, प्रवर्धनात्मक कार्यक्रम, गाउङपालिका अनुदान र नगर क्षेत्र पूर्वाधार कार्यक्रममा समेत गरी रु.

९,९७,००,०००.०० को २०२ निर्माण योजना स्वीकृत गरी अधिकांस योजना सम्पन्न गरेको छ । यस्ता योजना मध्ये रु. १ लाख भन्दा साना योजना ५७ वटा, १ देखि २ लाख सम्मका योजना ४९ वटा, २ देखि ३ लाख सम्मका योजना ३५ वटा, ३ देखि ४ लाख सम्मका योजना २५ वटा, ४ देखि ५ लाख सम्मका योजना ९ बटा, ५ देखि १० लाख सम्मका योजना १९ वटा र १० लाख भन्दा माथिका योजना ८ वटा सञ्चालन गरेको देखिएको छ । ठेक्का संख्या धेरै हुंदा कार्यालयको जनशक्ति वर्षैभरी ठेक्का व्यवस्थापनमा लाग्नु परेको देखिन्छ । त्यस्तै ठेक्काको आधारमा विश्लेषण गर्ने हो भने प्रविधिक कर्मचारीले प्रत्येक ठेक्कामा पुरा समय दिएर कार्य गर्न सक्ने अवस्था नदेखिदा कार्यको गुणस्तरमा समेत प्रभाव पर्ने देखिएको छ । निर्माण कार्य सम्झौता आर्थिक वर्षको अन्तसम्ममा पनि भइरहने गर्नाले निर्माण कार्य व्यवस्थापनको कार्य आर्थिक कार्यविधि नियमावली, २०६४ अनुरुप प्रथम चौमासिकमा नभई आषाढसम्म पनि भइरहेको देखिन्छ । यस सम्बन्धमा गाउपालिकाको ध्यान जानुपर्ने देखिएको छ ।

| विवरण | वडा १ | वडा २ | वडा ३ | वडा ४ | वडा ५ | वडा ६ | वडा ७ | वडा ८ | वडा ९ | ग्रामीण सडक | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ लाख सम्मका | ९ | ३ | ४ | ४ | ७ | ६ | ६ | २ | १६ | ० | ५७ |
| १ देखि २ लाख सम्मका | ७ | ४ | ४ | २ | ६ | १० | ३ | २ | ११ | ० | ४९ |
| २ देखि ३ लाख सम्मका | ६ | ४ | ० | ७ | ३ | ४ | ० | ५ | ३ | ३ | ३५ |
| ३ देखि ४ लाख सम्मका | २ | १ | २ | ६ | ० | २ | ३ | ३ | ५ | १ | २५ |
| ४ देखि ५ लाख सम्मका | ० | १ | ० | ० | १ | १ | १ | १ | ० | ४ | ९ |
| ५ देखि १० लाख सम्मका | ३ | २ | ० | ० | ३ | १ | २ | ० | २ | ६ | १९ |
| १० लाख भन्दा बढिका | ० | २ | १ | ० | ० | ० | ० | ० | ० | ५ | ८ |
| **कुल जम्मा** | २७ | १७ | ११ | १९ | २० | २४ | १५ | १३ | ३७ | १९ | २०२ |

१७. **देउलेख पाडापाखा द्वारे सडक :** कार्यालयले लागत अनुमान रु. ६६,८१,७१३.२३ को देउलेख पाडापाखा द्वारे सडक निर्माणको कार्य उपभोक्ता समिति मार्फत गरी मिति २०७५।३।३० मा रु. ५७,४८,१११.०० मा निर्माण कार्य फरफारक गरेको छ । कार्यसम्पन्न प्रतिवेदन विश्लेषण गर्दा सडक खन्ने कार्यमा साधारण माटो, वि. एस. एस. सोयल तथा रक कटिङ्गको कार्यमा लागत अनुमान भन्दा रु. २९,३९,४९८.०० घटिको कार्य भएको छ भने ग्यावियन सम्बन्धि कार्यमा रु. ९,३०,४००.०० को थप काम भएको देखिएको छ । कटिङ्गको कार्य ५९ प्रतिशतले घटेको र ग्यावियन सम्बन्धि कार्य ४७९ प्रतिशतले बढेकोमा पहिला खनिसकेको ट्र्याक चौडा पारि सोही ट्र्याकको स्तरोन्ती गरेको देखिएको छ । वास्तविक लागत अनुमान तयार गरी सोही आधारमा अनुमानयोग्य परिमाण कायम गरी निर्माण कार्य सम्झौता गर्नुपर्ने देखिएको छ ।

| Item No | Item | Estimate | | Actual Cost | | DifferenceAmount |
|---|---|---|---|---|---|---|
| | | Quantity | Amount | Quantity | Amount | |
| 2.1 | Ordinary Soil | 10437 | 617779 | 3317 | 196326 | (421453) |
| 2.2 | BMS Soil | 10334 | 822553 | 3726 | 296569 | (525984) |
| 2.3 | Ordinary Rock | 13211 | 3527058 | 5750 | 1534997 | (1992061) |
| 4.2 | 2*1*1 Gabion | 40 | 103400 | 190 | 491150 | 387750 |
| 4.3 | 1.5*1*1 Gabion | 10 | 18960 | 105 | 197400 | 178440 |
| 4.7 | Stone Transportation | 130 | 71500 | 372 | 204607 | 133107 |
| 5.2 | Cement OPC | 0 | 0 | 285 | 231103 | 231103 |

१८. **अन्य व्यहोरा :** निजामती सेवा नियमावली, २०५० मा पारित तलवि प्रतिवेदन अनुसार ग्रेड भुक्तानी गर्नुपर्ने तथा भ्रमण खर्च नियमावली, २०६४ मा स्वीकृत भ्रमण आदेश अनुसार भ्रमण गरी खर्च लेख्नुपर्ने साथै आयकार ऐन, २०५८ मा भुक्तानीमा करकट्टी गर्नुपर्ने लगायतको व्यवस्था छ । कार्यालयबाट देहाय अनुसारको भुक्तानीमा स्थानीय भत्ता बढि भुक्तानी भएको, निमित्त भत्ता बढि भुक्तानी भएको साथै भ्रमण आदेश वेगर भ्रमण खर्च लेखेको गरी रु. १२,०९०.०० बढि भुक्तानी भएको भनि आन्तरिक लेखापरीक्षणले कायम गरेका व्यहोरा लेखापरीक्षण अवधि सम्म फछ्र्यौट भएको देखिएन । उक्त रकम बेरुजु खातामा दाखिला गर्नुपर्ने देखिएको छ । १२,०९०.००

| गो. भौ नं. | व्योहरा | सम्बन्धित ब्यक्ति | असुल गर्नुपर्ने (रु) |
|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | २५१ | कर दाखिला बांकी | जनमुक्ति एफ. एम. | २७००.०० |
| | २६३ | कर दाखिला बांकी | श्री शेर बहादुर ढांट | ६७५०.०० |
| | १३९ | बढि भ्रमण खर्च | श्री खडक सिंह भण्डारी | २६४०.०० |
| | | | **जम्मा** | **१२०९०.००** |

| | |
|---|---|
| १९. | **वित्तिय जवाफदेहिता :** महालेखापरीक्षकको कार्यालयले स्वीकृत गरेको वित्तिय जवाफदेहिता मुल्याङ्कन सम्वन्धि अनुसूची ११ मा उल्लेखित ४ सूचकहरुको आधारमा विश्लेषण गर्दा यस कार्यालयको वित्तिय जवाफदेहिता मुल्याङ्कनको स्तर धेरै राम्रो ( वि ग्रेड) रहेको देखिएको छ । |
| २०. | **बेरुजू** - पालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने रु. ४८ हजार, नियमित गर्नुपर्ने रु. ३९ लाख ९३ हजार र प्रमाण कागजात पेश गर्नुपर्ने रु. ८ लाख ९२ हजार बेरुजु कायम भएकोमा प्रतिक्रियाबाट/समायोजन भएको छैन । |
| २१. | **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । गत वर्षको बेरुजु रु. १९ लाख ४३ हजार फछ्र्यौट गरी सम्परीक्षण भएपनि बांकी बेरुजुको अभिलेख अद्यावधिक गरेको छैन । (रु हजारमा) |

| गत वर्षको बेरुजु रकम (रु) | यो वर्ष फछ्र्यौट(रु) | बांकी (रु) |
|---|---|---|
| ३१७९ | १९४३ | १२३६ |

| | |
|---|---|
| २२. | **अद्यावधिक बेरुजू स्थिति :** गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ : (रु हजारमा) |

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) © | यो वर्षको सं प.बाट कायम बेरुजू रु. (D) | यो वर्षको कायम बेरुजू रु. (E) | बाँकी (F=C+D+E) |
|---|---|---|---|
| १२३६ | - | ४९३३ | ६१६९ |

अनुसूची– १७

# स्थानीय तहतर्फको यो वर्षको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## संघीय मामिला तथा सामान्य प्रशासन लेखापरीक्षण निर्देशनालय

## आर्थिक वर्ष २०७४।७५

(रु.हजारमा)

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | बझाङ | वित्थरचिड गाउँपालिका | १६ | ४ | ४९३३ | ० | ० | ० | १६ | ४ | ४९३३ | ४८ | ३९९३ | ८९२ | ० | ० | ४९३३ | ० | ० | ० |

अनुसूची- १

# स्थानीय तह सञ्चित कोष विवरण

## आर्थिक वर्ष २०७४।७५

**प्रदेश नम्बर :- ७**

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५+९) |
| १ | वित्थरचिड गाउँपालिका | बझाङ | ६४१२ | ८८४०६ | १५३१६६ | ५६९९३ | २९८५६५ | १४५७९० | ११४१४३ | ३२३ | २६०२५६ | ४४७२१ |